# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

## बैठक संख्या - २१

सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार १४ गते बिहीबार

---

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको एक्काइसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीको तर्फबाट माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई सार्वजनिक महत्वको वक्तब्य दिन समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३ बमोजिम मनोनयन गर्नु भएको कार्य व्यवस्था परामर्श समितिमा रहनु हुने देहाय बमोजिमका माननीय सदस्यहरुको नाम सभामा प्रस्तुत गर्नु भयो :

१. मा. खिमलाल भट्टराई

२. मा. प्रमिलाकुमारी

३. मा. बद्री प्रसाद पाण्डे

४. मा. वृषेश चन्द्र लाल

५. मा. कालीबहादुर मल्ल

६. मा. सरिता प्रसाई

त्यसपछि, सम्माननीय अध्यक्षले प्रस्तावित गर्नु भएको कार्य व्यवस्था परामर्श समितिमा रहनु हुने माननीय सदस्यहरुलाई सभाबाट सर्वसम्मत स्वीकृत भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, आजको कार्यसूचीको क्रम संख्या दुईमा रहेको माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङले "प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् " भन्ने प्रस्ताव कार्यसूची बाट हटाएको व्यहोरा जानकारी गराउनु भयो ।

तदन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक आजै आधा घण्टापछि बस्ने गरी पहिलो बैठक दिनको २:३० बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव